pathao

## पठाओ नेपाल प्रा.लि.द्वारा जारी
## प्रेस विज्ञप्ति (२०७७ चैत्र १२)

विगत केही दिन देखि यस पठाओ नेपालको कार्य संचालनमा आएको कठिनाइ बावजुद PATHAO एप मार्फत दिनानुदिन सर्वसाधारणहरुलाई सफलता पूर्वक सेवा प्रदान गर्दै देश भित्रै ठूलो संख्यामा रोजगारीकोसृजना गरि सूचना प्रविधि र PATHAO एप मार्फत संलग्न सम्पूर्ण ग्राहक तथा राईडर तथा चालकहरुको समेत अधिकतम हितमा कार्यगर्दै आएकोछ।

यसरी PATHAO एप मार्फत जोडिएर पुऱ्याउदै आएको विभिन्न सेवामा ग्राहक तथा राईडरहरु दुवैले स्वंय र आफ्नो मनोइच्छा अनुसार एकअर्कासंग PATHAO एपको प्रविधिको आधारमा सम्पर्क गरि सेवा लिनेदिने गर्दै आईरहेको र यसमा यस कम्पनीको प्राविधिक सहजीकरण मात्रको भूमिका रहेको कुरालाई पुनः स्मरण गराउँदै हालै PATHAO एप मार्फत जोडिई ग्राहकहरुलाई सेवा प्रवाह गर्दै आउनु भएका केही राईडरहरु समूहबद्ध भई यस कम्पनीको कार्यालयमा उपस्थित भई सेवा प्रवाह गर्न थप सजिलो होस भनि आफ्ना केही बुँदागत सरोकारहरु जानकारी गराउनु भएको र सोही समयमा केही प्रशासनिक समस्याहरुले गर्दा यस कम्पनीको कार्यमा नकारात्मक असर पुऱ्याउन केही व्यक्तिहरुले चेष्ठासमेत गरेको हालको अवस्थामा यस पठाओ नेपाल प्रा.लि. को गम्भीर ध्यानाकर्षण भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरि निम्नबमोजिम बुँदागत रुपमा नै सूचित गर्दछौं ।

१) राईडरहरुले पठाओ स्टेशनको व्यवस्था हुनुपर्ने भनि सरोकार राखेको सम्बन्धमा छलफल गर्दा उक्त सरोकार हाल हामीले संचालन गर्दै आएको PATHAO एप मार्फतको सहजीकरणको कार्यको अवधारणा भन्दा फरक देखिन्छ । हामी यातायात संचालन गर्ने नभई राईडशेयरिङ्ग सेवालाई सहजीकरण गरी सकेसम्म बढी ग्राहकहरुलाई घरसम्म वा घरबाट नै सेवा लिन सकिने हिसावले कार्य गर्ने भएको हुँदा, अब स्टप, स्टेशनमा जमघट भई ग्राहकहरुले परम्परागत रुपमा त्यहाँसम्म आई राईडरलाई खोज्न आउने अवस्था नै नभएको हुँदा स्टेशन वा स्टप हाम्रो अवधारणा भित्र नरहेको तर, भविष्यमा सरकारले नितिगत रुपमा राईडशेयरिङ्गको लागि व्यवस्था गरेको अवस्थामा पक्कैपनि राईडरहरुको सरोकार अनुसारको कार्य गर्न हामी सकारात्मक रुपमा पहल गर्ने नै छौं ।

२) पठाओ नेपालले संचालन गरेको PATHAO एप मार्फत राईडर भई कार्य गर्ने कुरा सम्बन्धित व्यक्तिको इच्छामा निर्भर हुने भएको र हालसम्म दर्ता भएका कतिपय व्यक्तिहरु कार्य नगरि बसेको अवस्था समेतलाई मध्यनजर गर्दै हाल हामी पनि राईडरहरुको संख्या कति भएमा पुग्ने र कार्य नगर्ने राईडरहरुको ठाँउमा नयाँ थप्न के गर्ने भन्ने सम्बन्धमा अनुसन्धान र छलफल गरिरहेको हुँदा राईडर बढी भयो भन्ने सरोकारको सम्बन्धमा यस पठाओ नेपालको गम्भीर ध्यानाकर्षण भएको जानकारी गराउँदछौं ।

३) सेवा शुल्क धेरै भयो भन्ने सम्वन्धी सरोकारका सम्बन्धमा छलफल गर्दा केही कुराहरु स्पष्ट पार्न चाहन्छौं । राईडशेयरिङ्ग व्यवसाय वास्तवमा विश्वव्यापी रुपमा नै घाटामा संचालित भई रहेको तथा कोभिड-१९ को नकारात्मक असरको कारण धमाधम यस्ता सेवा प्रवाह गर्ने कम्पनीहरु बन्द समेत हुँदै गएको अवस्थामा हाल यस कम्पनीले लिदैं आएको सेवाशुल्क वास्तवमा अन्तराष्ट्रिय मापदण्ड अनुसारको नै रहेको हुँदा शुल्क बढी भयो भन्ने आधार स्पष्ट हुन सकेको देखिदैन । उदाहरणको लागि विश्वका अन्य देशहरुमा संचालनमा रहेको विभिन्न राइडशेयरिङ्ग व्यावसायलाई हेर्ने भने Lyft, Gojek, Ola, Grab जस्ता विश्वभर प्रचलित राइडशेयरिङ्ग कम्पनीहरुको सेवा शुल्क

पठाओ नेपाल प्रा.लि.
Pathao Nepal Pvt. Ltd
Address : Nava Srijana Marga-10, Mid Baneshwor, Kathmandu Nepal